किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

प.सं :- ०८१।०८२

च.नं. :-

बागमती प्रदेश, नेपाल

मिति: २०८१/०४/२७

## मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना ।

किस्पाङ गाउँपालिकाको आ.ब. ०८१/८२ को निमित्त आवश्यक पर्ने तपसिल बमोजिमका सामान आपूर्ति गर्न, निर्माण कार्य गर्न, परामर्श सेवा दिन तथा अन्य सेवा प्रदान गर्न सार्वजानिक खरिद ऐन २०६३, नियमावली, २०६४ को नियम १८ उपनियम (१) बमोजिम मौजुदा सूची(Standing List)मा दर्ता हुन वा अद्यावधिक हुन चाहने कालोसुचीमा नपरेका ब्यक्ति, संस्था, आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सराकारी संस्था वा सेवा प्रदायकहरुले देहायका कागजातको प्रतिलिपी संलग्न गरी सार्वजानिक खरिद नियमावली,२०६४ को नियम १८ उपनियम (१) बमोजिमको अनुसुची २(क)को ढाँचामा निवेदन दिनु हुन जानकारी गराइन्छ । उपरोक्त बमोजिमको सेवा गाउँपालिकामा प्रदान गर्न ईच्छुक सम्बन्धित आपूर्तिकर्ताहरुले कार्यालयमा समयभित्र रितपुर्वक तोकिएको ढाँचामा आफूले गर्न चाहेको कार्यको लागि विषयगत छुट्टाछुट्टै निबेदन दर्ता गराउनु पर्नेछ । आवश्यक कागजात सहित रितपूर्वक भरिएको निबेदन उपर आवश्यक जाँचबुझ गरी योग्य देखिएमा कार्यालयले मौजुदा सूचीमा दर्ता गरी अभिलेख राख्ने छ । कार्यालयमा मौजुदा सूचिमा दर्ता भए पश्चात मात्र सम्बन्धित आपूर्तिकर्ताहरुसँग कार्यालयले कारोवार गर्न सक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**निवेदन साथ पेश गर्नु पर्ने प्रतिलिपि कागजातहरु:**

(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र,
(ख) स्थायी लेखा नं.(PAN)वा मु.अ.कर (VAT) दर्ताको प्रमाण पत्र,
(ग) आ.ब. ०७९/०८० को कर चुक्ता प्रमाणपत्र,
(घ) आवश्यकता अनुसारको सम्बन्धित निकायबाट प्राप्त ब्यावसायिक इजाजत पत्र ।

तपसिलः

१. **मालसामानको आपूर्ति**

क) स्टेशनरी (मसलन्द)सामान
ख) कम्प्युटर उपकरण (कम्प्युटर, प्रिन्टर तथा अन्य कम्प्युटरजन्य सामाग्रीहरु)
ग) छपाई सम्बन्धी कार्य
घ) ईलेक्ट्रिकल सामानहरु
ङ) फर्निचरहरु
च) पुस्तक तथा पत्रपत्रिका
छ) अफिस सामानहरु
ज) सवारी साधन(मोटरसाईकल, स्कुटर)
झ) सवारी साधनको पार्टपूर्जा
ञ) फ्लोरिङ्ग एण्ड फर्निसिङ्गका सामानहरु
ट) धारा तथा बाथरुमका सामानहरु

२. **औषधि तथा औषधिजन्य सामाग्रीहरु:**

क) मानव स्वास्थ्य औषधि तथा औषधिजन्य सामाग्रीहरु
ख) पशु स्वास्थ्य औषधि तथा औषधिजन्य सामाग्रीहरु
ग) कृषि विषाधि तथा कृषि औजारहरु
घ) कृषि उपकरण

**Email: kispangrm@gmail.com / website: https://kispangmun.gov.np**

३. निर्माण/मर्मत सम्बन्धी कार्य तर्फ

क) कम्प्युटर उपकरण(कम्प्युटर, प्रिन्टर तथा अन्य कम्प्युटर उपकरण)मर्मत

ख) ईलेक्ट्रिक सामानहरु मर्मत

ग) सवारी साधन मर्मत

घ) फर्निचर(काठ तथा स्टील दराज, टेवुल, कुर्सी, मेच)आदी मर्मत

ङ) भवन मर्मत

च) पार्टेसन सम्बन्धी

छ) अन्य सानोतिनो निर्माण/मर्मत

४. परामर्श सेवा तर्फ

क) ढुवानी सेवा

ख) तालिम सेवा

ग) सम्पति वीमा तथा अन्य वीमा सेवा

घ) सफ्टवेयर निर्माण तथा आपूर्ति सम्बन्धी सेवा

ङ) टेलिफोन, विद्युतीय उपकरण तथा अन्य उपकरण सञ्चालन सेवा

च) विज्ञापन/सूचना प्रकाशन सम्बन्धी सेवा

छ) ईन्टरनेट सेवा

ज) ईन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा

झ) सवारी साधन भाडमा लिने सम्बन्धी सेवा

ञ) लेखा परीक्षण फर्म सम्बन्धी

ट) अन्य विज्ञ सेवा

५. अन्य सेवा तर्फः

क) प्लम्वीङ्ग सम्बन्धि सेवा

ख) नेटवर्किङ वायरिङ्ग, ईलेक्ट्रिक वायरिङ्ग सम्बन्धी काम

ग) विविध

अन्य जानकारीहरुः

क) सूचीकृत हुन गाउँपालिकाले तयार गरेको सूची दर्ता फारम कार्यालयको वेवसाईट www.kispangmun.gov.np मार्फत डाउनलोड गरी निवेदन भर्नु पर्नेछ।

ख) एक वा एक भन्दा वढी कार्य तथा सेवाका लागि निवेदन पेश गर्न चाहेमा माग गरेको कागजातहरु संलग्न गरी छुट्टा छुट्टै निवेदन पेश गर्नु पर्नेछ।

ग) सूचनामा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

घ) गाँउपालिकामा हाल सूचिकृत रहेका संस्था वा फर्महरुले आवश्यक कागजातहरु पेश गरी पुन सूचिकृत हुनुपर्नेछ।

२०८१/०४/२६

होम बहादुर राउत

प्रमुख प्रशासकीय अधिकृत

मितिः ......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु,
किस्पाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, काहुले, नुवाकोट ।

विषयः मौजुदा सूचीमा दर्ता गरी पाउँ ।

सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपशिलमा उल्लेखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपशिलः

| | |
|---|---|
| १. मौजुदा सुचीको लागी निबेदन दिने ब्यक्ति, संस्था, आपूर्तिकर्ता निर्माण ब्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः | |
| (क) नामः | (ख) ठेगाना : |
| (ग) पत्राचार गने ठेगाना : | (घ) मुख्य ब्यक्तिको नामः |
| (ङ) टेलिफोन नं. | (च) मोवाईल नं. : |
| २. मौजुदा सुचीमा दर्ता हुनेको लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला । | |
| (क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐ | |
| (ख) नविकरण गरिएको छ ☐ छैन ☐ | |
| (ग) मुल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाण छ ☐ छैन ☐ | |
| (घ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐ | |
| (ङ) कुन खरिदको लागि मौजुदा सुचीमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपि छ ☐ छैन ☐ | |

| | | | |
|---|---|---|---|
| ३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरणः | | | |
| (क) मालसामान आपूर्ति : (मालसामानको प्रकृति समेत उल्लेख गर्ने) | | (ख) निर्माण कार्य : | |
| (ग) परामर्श सेवा : (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने) | | (घ) अन्य सेवा : (अन्य सेवाको प्रकृति समेत उल्लेख गर्ने) | |

| | | |
|---|---|---|
| निवेदन दिएको मितिः २०८....../......../........ | फमको छाप : | निवेदकको नामः<br>हस्ताक्षरः |